मुख्यमन्त्री

प्रदेश नं.१, विराटनगर

## हार्दिक अपिल

प्रदेशवासी सम्पूर्ण दाजुभाई दिदीवहिनीहरू,

नेपालमा अहिले १२ औं राष्ट्रिय जनगणना भइरहेको छ। जनगणनाको तथ्याङ्क संकलनका लागि पहिलो चरण भदौ ३० गतेदेखि असोज १८ गतेसम्ममा घर परिवारको सूचिकरण कार्य सकिएको छ। कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म पारिवारिक र व्यक्तिगत विवरण लिन गणकहरु घरघरमा आउँदै हुनुहुन्छ। गणकले सोधेका प्रश्नको सही उत्तर दिउँ। तपाईले टिपाएका तथ्याङ्कलाई गोप्य राखिनेछ।

देश संघीय शासन प्रणालीमा गएपछि यो पहिलो जनगणना हो। २०७२ सालमा संविधान जारी भएसगैं प्रदेशहरु स्थापना भए पनि हामीसँग आफ्नै तथ्याङ्क थिएन। २०६८ सालको पुरानो संरचनाको तथ्याङ्कलाई नै आधार बनाएर हामी यहाँसम्म आइपुगेका छौं। यसपालीको जनगणनाले प्रादेशिक मोडलमा आधारित जनसंख्या उपलब्ध गराउँनेछ। यो हामी सबैका लागि खुसीको कुरा हो।

यो जनगणनाले हाम्रो प्रदेशको जनसंख्या कति छ ? कुन-कुन जाती, भाषा, धर्मका कति-कति मानिस बासोबास गर्दछन् ? दलित, जनजाती, अल्पसंख्यक, लोपोन्मुख, महिला, अपाङगता भएका, सामाजिक बहिष्करणमा परेका व्यक्तिको अवस्था के छ ? भन्ने छर्लङ्ग पार्दछ। जनगणनावाट आउने तथ्याङ्कलाई आधार वनाएर नै प्रदेश सरकारले नीति र कार्यक्रम बनाउँछ। त्यसैले आफुले टिपाएको सही तथ्याङ्कले आफ्नै लागि प्रदेश सरकारलाई योजना बनाउँन सजिलो हुन्छ भन्ने सबैले बुझ्नु जरुरी छ।

त्यसैले जनगणनामा तथ्याङ्क लिन आउने गणकलाई सही विवरण टिपाउँ। आफ्ना घरमा आउने गणकलाई आत्मिय व्यवहार गरौ। उहाँहरुले सोधेका सबै प्रश्नको सही जवाफ दिन प्रदेश सरकार सम्पूर्ण प्रदेशबासी दाजुभाई, दिदीबहिनीहरुलाई हार्दिक अनुरोध गर्दछ। केन्द्रीय तथ्याङ्क विभागले यस जनगणनाको नारा **'मेरो गणना मेरो सहभागिता'** राखेको छ। यो नारालाई सार्थक बनाउँन सम्पूर्ण प्रदेशवासी दाजुभाई दिदीबहिनीहरुले जनगणनालाई अपनत्व लिएर गणकलाई सही विवरण टिपाएर सहयोग गर्नुहुन प्रदेश सरकार पुनः सम्पूर्ण प्रदेशबासीलाई हार्दिक अपिल गर्दछ।

**२०७८ कार्तिक २५ गते बिहीबार।**

राजेन्द्र कुमार राई
मुख्यमन्त्री